TEJGANGA DARPAN
A Multidisciplinary Peer Reviewed Journal
ISSN: 2717-4883
DOI Indexed in NepJol

Tejganga Multiple Campus
Kavrepalanchok, Panauti Nepal
URL: www.tejganga.edu.np

# अनुसन्धानात्मक लेखन : सैद्धान्तिक पक्ष

**डा. श्याम भट्टराई**

सहप्राध्यापक, त्रिभुवन विश्वबिद्यालय, नेपाल

harionshyam@gmail.com

Received: 20 December 2025; Revised & Accepted: 25 January 2026; Publication: 1 March 2026

Copyright: Bhattari (2026)

This work is licensed under a Creative Commons Attribution-Non-Commercial 4.0 International License.

## लेखसार

प्रस्तुत आलेखमा अनुसन्धानात्मक लेख के हो र कसरी लेखिन्छ भन्ने विषयमा केन्द्रित भएर लेखिएको छ । यहाँ अनुसन्धानात्मक लेख के हो भन्दा निश्चित विधि र पद्धतिअनुसार लेखिने छोटो तर पूर्ण लेख हो भनेर परिचय दिइएको छ । यो अनुसन्धानात्मक लेख तयार पार्दा निश्चित प्राज्ञिक समस्यालाई पहिल्याई ती समस्याको समाधानतर्फ ध्यान दिई तयार परिएको छ । यहाँ यस्ता समस्या पहिलाउँदा वस्तुगत तथ्य सङ्कलन गरी ती तथ्यलाई निश्चित अनुसन्धानात्मक पद्धतिअनुसार नवीन ज्ञानको खोजी गरिएको छ । विषयको खोजबिन गर्दा गहन र व्यवस्थित ढङ्गबाट गरिएको छ । यसरी गहन अध्ययनबाट तयार परिएको यो लेख वस्तुपरक, तथ्यपरक र वैज्ञानिक रहेको छ । यसर्थ यस प्रकारको लेख लेख्दा सर्वप्रथम शीर्षक चयन गरिएको हो, त्यसपछि अनुसन्धानका निश्चित पद्धतिलाई अवलम्बन गरी लेखिएको हो । यस क्रममा शीर्षकअनुरूपको उद्देश्यमा केन्द्रित रही अनुसन्धानात्मक ढाँचामा लेख तयार परिएको छ । प्रस्तुत अनुसन्धानात्मक

ढाँचाका रूपमा पूर्वभाग, मध्यभाग र उत्तरभाग रहेका छन् । पूर्वभाग अर्न्तगत शीर्षक, लेखसार, शब्दकुन्जी, विषयपरिचय, अनुसन्धान विधि रहेका छन् । त्यस्तै मध्यम भागमा विषयको व्याख्या र विश्लेषण या विमर्श र नतिजा र उत्तर भागमा निष्कर्ष वा मूल्याङ्कन, सन्दर्भसूची, परिशिष्ट आदिका बारेमा अध्ययन गरिएको छ ।

***शब्दकुन्जी :*** *अनुसन्धानात्मक लेख, प्राज्ञिक, मूल्याङ्कन, सन्दर्भसूची, परिशिष्ट ।*

## विषयप्रवेश

अनुसन्धान आजको आवश्यकता हो । बिना अनुसन्धान केही काम गर्न सकिँदैन । वास्तवमा जसले अनुसन्धान गर्दैन, त्यसलाई बोल्ने अधिकार पनि रहँदैन । अनुसन्धानात्मक लेख लेख्दा अपनाउने प्रक्रियाले कार्य सम्पादनको विधि र विषय स्पष्ट पार्दछ । तसर्थ आफूले केका लागि अनुसन्धानात्मक लेख लेख्न थालिएको हो, त्यसबारे आफू प्रष्ट हुनुपर्छ । यसलाई अनुसन्धानात्मक लेखको प्रक्रियाका रूपमा लिइन्छ । यो अनुसन्धानात्मक लेखको पूर्व तयारी पनि हो । तसर्थ यस कार्यका लागि अनुसन्धान प्रस्तावनाले निम्न प्रश्नहरूको जानकारी उपलब्धि गराउन सक्नुपर्छः

- के गर्ने प्रस्ताव गर्नु भएको छ ?
- कसरी अगाडि जाने योजना बनाउनु भएको छ ?
- किन प्रस्तावित रणनीति छनोट गर्नुभएको हो ?

प्रस्तावनाले माथिका प्रश्नहरूको उत्तर प्राप्त गर्न योजना तथा कार्यनीतिको निर्माण गर्नुपर्छ । अनि ती प्रश्नहरूको शुद्ध र वस्तुनिष्ठ उत्तर प्राप्त गर्न उपयोग गरिने विधि तथा साधनहरूको वैधता तथा विश्वसनीयतालाई पनि पर्गेल्नु पर्छ । यसरी अनुसन्धान कार्यलाई व्यवस्थित रूपले सम्पन्न गर्नका लागि पूर्वनिर्धारित रूपमा तयार पारिएको सम्पूर्ण योजनाले अनुसन्धानात्मक लेखलाई विश्वसनीय बनाउँछ । यसमा अनुसन्धानकर्ताले अनुसन्धान गर्नका लागि कुन विषयमा अनुसन्धान गर्ने हो, कसरी र किन गर्ने भन्ने कुरा स्पष्ट पारी तयार गरिएको हुन्छ । यसरी अनुसन्धानको विषयवस्तु, प्रक्रिया, उद्देश्य, सीमा, समय, महत्त्व आदि कुराहरू समावेश गरी अनुसन्धानको औपचारिक रूप यहाँ नै समेट्नुपर्छ । यसमा अनुसन्धानात्मक लेखको मार्गचित्र रहन्छ, जसको मदतले आफ्नो कार्य सम्पन्न गर्न सकिन्छ ।

समग्रमा अनुसन्धानात्मक लेखनको स्वरूप र प्रकृति हेर्दा कुनै कुराको खोज गर्नु, नयाँ कुरा पत्ता लगाउनु, नयाँ धारणालाई प्रमाणित गर्नु अथवा पुरानो तथ्यलाई पुनर्व्याख्या गर्नु हो । यसप्रकार प्राज्ञिक समस्या वा जिज्ञासका विषयसँग सम्बद्ध वस्तुतथ्यहरूको खोज, अध्ययन, वर्गीकरण, विश्लेषण र मूल्याङ्कन एवं सत्यापनको विधि निश्चित वैज्ञानिक ढङ्गको निगमनात्मक वा आगमनात्मक पद्धतिमा आधारित भई परीक्षण, निष्कर्षण एवं सत्यापन गर्नु अनुसन्धानात्मक लेखनको स्वरूप र प्रकृतिलाई उजगार गर्नु यस लेखको उद्देश्य रहेको छ ।

## विधि तथा प्रक्रिया

अनुसन्धानात्मक लेखाइलाई उत्तरवर्ती चरणको लेखाइको रूपमा लिइएको छ । यसमा सोहीअनुरूपको अवधारण या पद्धति रहेको छ । यस लेखमा अनुसन्धानात्मक लेखन : सैद्धान्तिक पक्षलाई मुख्य विषय बनाइएको छ । यसमा अनुसन्धान गुणात्मक प्रकृति अन्तर्गत व्याख्यानका नमुना वा आयाममा आधारित भएर लेखलाई अघि बढाइएको छ । यस क्रममा अनुसन्धानको गुणात्मक पद्धतिलाई अपनाइएको छ । गुणात्मक पद्धति अन्तर्गत वर्णनात्मक र विश्लेषण ढाँचाको केन्द्रमा रहेर द्वितीयक सामग्रीका लिखित दस्तावेजका साथै पुस्तकका स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका सामग्रीलाई विश्लेषणात्मक विधिका आधारमा विश्लेषण गरिएको छ । यस क्रममा विशुद्ध अनुसन्धानात्मक लेखन प्रवृत्तिभित्र रहेका एकरूपता, ढाँचाबद्धता, चुस्तता र व्यवस्थितता जस्ता गुणका आधारमा यस लेखलाई परिसीमित गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

नयाँ तथ्य पत्ता लगाउनु वा पुरानै तथ्यको पुनरावलोकन र पुनर्व्याख्या गर्न खोजी गर्ने प्रक्रियालाई अनुसन्धान भनिन्छ । मानिस अनुसन्धानशील प्राणी हो । अनुसन्धान मानवीय ज्ञानको वृद्धि गर्ने अद्वितीय साधन हो । अनुसन्धानको व्युत्पतितर्फ हेर्दा अनु + सन्धान (सम्+ धा + अन = अनुसन्धान । ‘अनु’ को अर्थ पछिपछि लाग्नु, नजिक (समीप) जानु हुन्छ भने ‘सन्धान’ को अर्थ खोजी गर्नु, पत्ता लगाउनु वा अवलोकन गर्नु हुन्छ । यसरी अनुसन्धानको शाब्दिक अर्थ कुनै विषय वा समस्याको पछि लागेर त्यसको अवलोकन गर्नु भन्ने बुझिन्छ । यसको पर्यायवाचीका रूपमा शोध, अन्वेषण, गवेषण, खोज, खोजी वा सोधखोज जस्ता शब्द प्रयोग भएको पाइन्छ ।

मानिस स्वभावतः जिज्ञासु प्राणी हो । यस्ता जिज्ञासाहरूद्वारा गरिने कुनै कार्य वा घटनाको छानबिन, अध्ययन, विश्लेषण र सामान्यीकरण प्रक्रिया नै अनुसन्धान हो । फेरि अनुसन्धान शब्दको पर्यायका रूपमा गवेषण (गो+एष+अन+आ) शब्दको प्रयोग भएको पाइन्छ । यस शब्दले घना जङ्गलमा हराएको गाईको खोजी गर्ने कार्यलाई अभिधार्थमा द्योतन गर्दछ । यस सम्बन्धमा लम्साल र अन्यका (२०६८) अनुसार भाषिक अनुसन्धानको सन्दर्भमा पनि यसले अज्ञानता, असत्य र अँध्यारोमा लुकेका भाषिक तथ्यलाई वस्तुपरक रूपमा उद्घाटन गर्ने, प्रकाशनमा ल्याउने विशिष्ट प्रयासलाई सङ्केत गर्दछ (लम्साल र अन्य, २०६८ पृ. २) । यसरी खोज अनुसन्धानको रूपमा प्रयोग भएको यस शब्दले तथ्यलाई पुनर्व्याख्या गर्दछ । यसर्थ गवेषण/गवेषणाकै पर्यायको रूपमा अन्वेषण (अनु+एषण) शब्द पनि प्रयोग भएको देखिन्छ । यस शब्दले पनि कुनै सिद्धान्त, धारणा वा ज्ञानका पछि लागेर खोजी गर्नु भन्ने अर्थ बोकेको पाइन्छ । त्यसैले यो सामान्यतया सिर्जनात्मक प्रक्रिया नभई बौद्धिक प्रक्रियाको हुन्छ ।

अङ्ग्रेजीको Research नेपालीमा अनुसन्धान हो । हाम्रो खोजीको अर्थ दिने search शब्दमा Re उपसर्ग लागेर बनेको हुन्छ । यस शब्दको शाब्दिक अर्थ पटक-पटक खोजी गर्नु, दोहोऱ्याएर खोजी गर्नु, कुनै पनि सिद्धान्त वा धारणाको ध्यानपूर्वक खोजी गर्नु हो । यसरी Research भन्नाले कुनै कुराको बारम्बार खोज गरेर नयाँ कुरा पत्ता लगाउनु भन्ने बुझिन्छ । Research को तात्पर्यलाई स्पष्ट पार्न एल भी रेडम्यानका अनुसार 'नवीन ज्ञान प्राप्तिका लागि गरिने व्यवस्थित प्रयास नै अनुसन्धान हो ।' यसले भाषिक अनुसन्धानको सन्दर्भमा पनि नयाँ ज्ञान प्राप्ति गर्ने एक व्यवस्थित प्रयास गर्दछ । यसरी हेर्दा अनुसन्धानको लक्ष्य नयाँ ज्ञान प्राप्ति र पुरानो ज्ञानको पुनरावलोकन गर्नु हो । यस क्रममा वैज्ञानिक र तार्किक पद्धति अपनाइने भएकाले यो व्यवस्थित हुन्छ । किनकि यसमा तथ्यहरूको सङ्कलन, वर्णन, विश्लेषण र व्याख्या गरी निष्कर्षमा पुग्ने काम गरिन्छ ।

अनुसन्धानकै पर्यायका रूपमा गवेषण/गवेषणा, अन्वेषण, खोज, खोजी, सोधखोज, शोध आदि रहेको देखिन्छ । यी सबै शब्दहरूको मर्मलाई नियाल्ने हो भने कुनै पनि कुराको योजनाबद्ध, व्यवस्थित, तर्कपूर्ण र सावधानीपूर्वक अध्ययन गरिनुपर्छ । यसरी गरेको अध्ययन प्रतिवेदन

आधिकारिक र प्रामाणिक हुन्छ । यस क्रममा व्यवस्थित, वस्तुनिष्ठ र तथ्यपरक विश्लेषण गर्नुपर्छ । यो अनुसन्धान औपचारिक प्रकारको रहने र खासगरी यसको वर्णन र निष्कर्षको प्रस्तुति औपचारिक अनि विशिष्ट प्रविधिमा आधारित भई गरिने वैज्ञानिक खोज तथा अध्ययनलाई अनुसन्धान भनिन्छ । लेख भनेको कुनै विषयमा लेखेर प्रकट गरिएको विचार वा कुरो, रचना हो (पोखरेल, २०४० :११८५) । यस आधारमा हेर्दा कुनै पनि विषयमा लिखित या मुद्रित रूपमा रहेको धारणा या विचार नै लेख हो । अब अनुसन्धानात्मक र लेख यी दुवै शब्दलाई मिलाए पछि अनुसन्धानात्मक लेख बनेको हो । जसको अर्थ अनुसन्धान गरेर लेखिएको लेख भन्ने बुझिन्छ । यसमा कुनै विषय वा शीर्षकमा निहित मूल समस्याको समाधान निश्चित पद्धति या विधिमा आधारित भएर वस्तुपरक, तथ्यपरक रूपमा गहन अध्ययन गरी व्याख्या विश्लेषण गरिएको लेख नै 'अनुसन्धानात्मक लेख' का रूपमा लिइन्छ ।

वस्तुपरक र वैज्ञानिक पद्धतिको प्रयोग गरी नवीनतम कुराहरूको खोजी गर्नु नै अनुसन्धान हो । यसमा बुझ्नु पर्ने कुरा के हो भने नयाँ ज्ञानको खोजी गर्नुलाई अन्वेषणात्मक अनुसन्धान भनिन्छ भने पुरानो ज्ञानको जाँच गर्नुलाई सत्यापन अनुसन्धान वा पुष्टिकारक अनुसन्धानका रूपमा लिइन्छ । यसको प्रकृति व्यवस्थित, वस्तुनिष्ठ र तथ्यपरक विश्लेषणबाट नवीन ज्ञान प्राप्त गर्नु नै हो । यसर्थ नवीन ज्ञान प्राप्तिका लागि गरिने एक व्यवस्थित प्रयास नै अनुसन्धान हो । यसप्रकारको शोध वा अनुसन्धानको स्वरूपका बारेमा रामनाथ ओझा र मधुसुदन गिरीले वासुदेव त्रिपाठी (२०५३ : ४४–४५) ले उल्लेख गरेको सन्दर्भलाई निम्नानुसारका बुँदाहरू प्रस्तुत गरेको देखिन्छ :

- नवज्ञानोन्मुख बौद्धिक क्रियाकलापको रूपमा देखापर्छ ।
- यो सम्बद्ध प्राज्ञिक जिज्ञासुका सम्बद्ध विषयक्षेत्रगत/अन्तर्विषयक जिज्ञासा वा समस्याबोधका क्रममा त्यस समस्याको परीक्षित एवं सत्यापित समाधानको खोज र प्राप्तिका साथै प्रस्तुतिसँग सम्बद्ध ज्ञानात्मक क्रियाकलाप पनि हो ।
- यो त्यस्तो प्राज्ञिक समस्यासँग सम्बद्ध स्थापित प्राक्कल्पनाको विधिवत् परीक्षण एवं तथ्यसङ्गत सत्यापन (खण्डन / मण्डन वा संशोधन) मा आधारित नवज्ञान सृजना (एवं त्यसको प्रस्तुति समेत) हुँदै हो ।

- शोध सम्बद्ध विषयक्षेत्रीय वा अन्तर्विषयक मौजुदा एवं नवीन तथ्यहरूको खोजी (चयन सङ्कलन तथा अन्तर्व्यवस्थापन) का साथै तिनका अन्तःसम्बन्धहरूको पनि परीक्षण ( जाँचबुझ छानबिन) गरी उही शुद्ध, प्रमाणित, उपयुक्त र तथ्यसङ्गत निष्कर्ष निकाली त्यस नवज्ञानको प्रस्तुति गर्ने बौद्धिक खोजपूर्ण क्रियाकलाप हो ।
- यो कुनै प्राज्ञिक समस्या वा जिज्ञासासँग सम्बद्ध वस्तुतथ्यको खोज र परीक्षण तथा छानबिन एवं वर्णन विश्लेषण (व्याख्या विवेचना) निश्चित विधि र सैद्धान्तिक पर्याधार तथा निगमनात्मक र अनुगमनात्मक तर्कपद्धतिका आधारमा गरी तत्सम्बन्धी सत्यापित निष्कर्षको प्रतिवेदन विधिवत् प्रस्तुत गर्ने प्रयासमा केन्द्रित नवज्ञानपरक बौद्धिक क्रियाकलाप पनि हो नै (त्रिपाठी, २०५३: ४४–४५) । यसले शोध वा अनुसन्धान एक व्यवस्थित र क्रमबद्ध अध्ययन हो भन्ने पुष्टि गर्दछ ।

अनुसन्धानको प्रारम्भ शोध अन्तरालको खोजबाट हुन्छ । यसमा प्रवेश गर्नु नै पहिलो चुनौती हो । यसको प्रकृति कुनै नयाँ ज्ञान प्राप्तिका दिशातर्फ उन्मुख हुने खालको हुन्छ । यो शोध अन्तराल भनेको के हो त ? यस सम्बन्धमा श्रेष्ठ (वि.सं. २०७९ :९) ले  अनुसन्धान गर्नका लागि देखिने ठाउँ  नै शोध अन्तराल हो । कार्यालयहरुमा जसरी रिक्त दरबन्दी हुन्छ—रिक्त दरबन्दीमा कर्मचारी भर्ना गरिन्छ । रिक्त दरबन्दी नै नभएको ठाउँमा कर्मचारी भर्ना कसरी गर्ने ? शोध अन्तरलमा पनि रिक्त दरबन्दी जस्तै हो—अन्तराललाई न्यूनीकरण गर्न वा पूरै टाल्नका लागि अनुसन्धान गरिन्छ । अन्तराल नै कतै देखिएन भने अनुसन्धान सम्भव हुँदैन । अन्तराल नदेखिएको अवस्थामा गरिएको अनुसन्धान सक्कल बमोजिमको नक्कल मात्र हुन्छ । त्यस्तो तथाकथित अनुसन्धानले नयाँ तथ्य वा सिद्धान्त दिनै सक्तैन अर्थात् सम्बन्धित ज्ञानक्षेत्रको विस्तारमा कुनै मौलिक योगदान दिन सक्तैन । तसर्थ नयाँ तथ्य वा सिद्धान्त पत्तो लगाउन र सम्बद्ध क्षेत्रमा योगदान दिन अनुसन्धानमा एक मात्र कार्य हुन्छ त्यो हो अन्तरालको स्रोत पत्ता लगाएर ठिकठिक पहिचानसमेत गर्नु । यसका लाथि एउटै मात्र मार्गचित्र  छ जसलाई पूर्वकार्यको पर्यावलोकन वा सम्बन्धित सैद्धान्तिक पर्याधारका रूपमा लिएका छन् (श्रेष्ठ, वि.सं. २०७९ : ९) । यसरी अनुसन्धान अन्तराल पत्ता लगाए पछि यस क्रममा यो कुनै प्राज्ञिक प्रश्न, समस्या र जिज्ञासासँग सम्बद्ध रहन्छ,

सामग्री सङ्कलन गर्ने र तिनका विविध अवयवहरूको सन्धानका क्रममा निश्चित वैज्ञानिक विधि अवलम्बन गर्दै अध्ययन, वर्गीकरण, विश्लेषण एवं छानबिनबाट तत्सम्बन्धी लुप्तगुप्त सत्यलाई उद्घाटन गरी नयाँ कुराको खोज गरिन्छ ।

**विमर्श र नतिजा**

अनुसन्धान एउटा बौद्धिक क्रियाकलाप हो । यसको प्रकृति कुनै नयाँ ज्ञान प्राप्तिका दिशातर्फ उन्मुख हुने खालको हुन्छ । यस क्रममा यो कुनै प्राज्ञिक प्रश्न, समस्या र जिज्ञासासँग सम्बद्ध रहन्छ, सामग्री सङ्कलन गर्ने र तिनका विविध अवयवहरूको सन्धानका क्रममा निश्चित वैज्ञानिक विधि अवलम्बन गर्दै अध्ययन, वर्गीकरण, विश्लेषण एवं छानबिनबाट तत्सम्बन्धी लुप्तगुप्त सत्यलाई उद्घाटन गरी नयाँ कुराको खोज गरिन्छ । वस्तुपरक र वैज्ञानिक पद्धतिको प्रयोग गरी नवीनतम कुराहरूको खोजी गर्नु नै अनुसन्धान हो । यस बुझ्नु पर्ने कुरा के हो भने नयाँ ज्ञानको खोजी गर्नुलाई अन्वेषणात्मक अनुसन्धान भनिन्छ भने पुरानो ज्ञानको जाँच गर्नुलाई सत्यापन अनुसन्धान वा पुष्टिकारक अनुसन्धानका रूपमा लिइन्छ । यसको प्रकृति व्यवस्थित, वस्तुनिष्ठ र तथ्यपरक विश्लेषणबाट नवीन ज्ञान प्राप्त गर्नु नै हो । यसर्थ नवीन ज्ञान प्राप्तिका लागि गरिने एक व्यवस्थित प्रयास नै अनुसन्धान हो । यसको प्रकृति खानीबाट निकालिएको अप्रशोधित खनिज वा धातुको प्रशोधन गरिएजस्तै हो । योभन्दा पनि मौरीले विभिन्न फूलबाट ल्याएको रसलाई प्रशोधन गरी मह निकालिएजस्तै वा दही मथेर घिउ निकालिएजस्तै बौद्धिक, प्राज्ञिक प्रश्नसँग सम्बन्धित रहेको देखिन्छ ।

अनुसन्धान एक व्यवस्थित र क्रमबद्ध अध्ययन हो । यसर्थ यसको स्वरूप र प्रकृति हेर्दा कुनै कुराको खोज गर्नु, नयाँ कुरा पत्ता लगाउनु, नयाँ धारणालाई प्रमाणित गर्नु अथवा पुरानो तथ्यलाई पुनर्व्याख्या गर्नु हो । यसप्रकार प्राज्ञिक समस्या वा जिज्ञासका विषयसँग सम्बद्ध वस्तुतथ्यहरूको खोज, अध्ययन, वर्गीकरण, विश्लेषण र मूल्याङ्कन एवं सत्यापनको विधि निश्चित वैज्ञानिक ढङ्गको निगमनात्मक वा आगमनात्मक पद्धतिमा आधारित भई परीक्षण, निष्कर्षण एवं सत्यापन गर्नु अनुसन्धानको स्वरूप र प्रकृति रहेको देखिन्छ । यसर्थ अनुसन्धानात्मक लेख लेख्नका लागि निम्न प्रक्रियाहरू अपनाउनु पर्ने हुन्छ :

१. शीर्षक चयन २. लेखसार ३. शब्दकुञ्जी ४. विषयप्रवेश ५. लेखन ढाँचाको प्रारूप या अध्ययन विधि ६. व्याख्या विश्लेषण/छलफल र परिणाम/ विमर्श र नतिजा ७. निष्कर्ष ८. सन्दर्भसामग्री ।

यसरी अनुसन्धानात्मक लेखलाई पूर्णता दिनका लागि केही आधारभूत तत्त्वहरू माथि उल्लेख गरियो । माथि उल्लेख गरिएका आधारभूत तत्त्वहरूलाई तीन तहमा राखेर यहाँ विश्लेषण गरिएको छ । ती हुन् पूर्वभाग, मध्यभाग र उत्तरभाग । यी तीन भागमा केके रहन्छन् त ? त्यसको सविस्तार यहाँ गरिएको छ :

पूर्वभाग : (क) लेखसार (ख) शब्दकुञ्जी (ग) विषयपरिचय (घ) विधि या प्रक्रिया

मध्यभाग : (क) व्याख्या विश्लेषण या छलफल र परिणाम या विमर्श र नतिजा

उत्तरभाग : (क) निष्कर्ष (ख) सन्दर्भसामग्री (ग) परिशिष्ट

**पूर्वभाग :** अनुसन्धानात्मक लेखको पूर्वभागमा निम्नानुसारका तत्त्वहरू रहेका हुन्छ :

**(क) लेखसार**

अनुसन्धानको उद्देश्यअनुरूप सङ्कलित सामग्रीहरूको गहिरो अध्ययन गरी व्याख्या विश्लेषणबाट प्राप्त उपलब्धि लाई बढीमा २०० शब्दमा लेखसार लेख्नुपर्छ । अनुसन्धानात्मक लेखको उपलब्धि शोधपत्रमा जस्तो लामो लेखिदैँन । धेरै शब्द भयो भने अनुसन्धानात्मक लेख भन्न सुहाउँदैन । यसर्थ सूत्रात्मक रूपबाट प्रमुख उद्देश्य र सो प्राप्तिका लागि अपनाएको विधि या प्रक्रिया उल्लेख गरी विषयको व्याख्या विश्लेषणबाट निस्किएको निचोड लेख्नुपर्छ ।

**(ख) शब्दकुञ्जी**

अनुसन्धानमा प्रयोग भएका शब्दमध्ये मुख्य शब्दका रूपमा रहेका शब्दलाई यहाँ उल्लेख गर्नुपर्छ । त्यसलाई नै शब्दकुञ्जी भनिन्छ । यस्ता शब्दकुञ्जीका रूपमा रहेका पाँचदेखि सातओटा शब्द अनुसन्धानात्मक लेखा उल्लेख गर्नुपर्छ ।

**(ग) विषय परिचय**

विषय परिचय अनुसन्धानको मूल मर्म हो । यो अनुसन्धानात्मक लेखको कार्यकारी सारांश हो । यहाँ लेखको शीर्षकलाई व्याख्या गर्नुपर्छ । यस क्रममा प्रमुख प्राज्ञिक समस्या र त्यसको

समाधानका लागि केकस्ता उद्देश्य लिएको छ सूत्रात्मक रूपमा उल्लेख गर्नुपर्छ । किनकि पाठकलाई अनुसन्धानमा के रहेछ भन्ने सुरुमै अभिमुखीकरण गर्छ । यसपछि अनुसन्धान किन गरिएको हो सो पनि छोटकरीमा पुष्टि गर्नुपर्छ । यसरी समस्याकथन र उद्देश्यकथन पुष्टि गर्न अँगालिएको विधि या प्रक्रियालाई बढीमा २०० शब्दमा समेट्नुपर्छ ।

**(घ) विधि या प्रक्रिया**

अनुसन्धानात्मक प्रश्नको उत्तर खोज्ने क्रममा गुणात्मक पद्धति र परिमाणात्मक पद्धतिलाई अपनाउनुपर्छ । अनुसन्धानात्मक प्रश्नको उत्तर सङ्कलन गर्ने क्रममा अनुसन्धानकर्ता आफै सम्बन्धित क्षेत्रमा गएर सूचना सङ्कलन गरी त्यसको आधारमा विश्लेषण गर्ने या पुस्तकालय अध्ययनमा आधारित प्राथमिक र द्वितीयक स्रोतलाई आधार लिनुपर्छ । यसरी सङ्कलित स्रोतलाई अध्ययनपश्चात् वैज्ञानिक ढङ्गको निगमनात्मक वा आगमनात्मक विधिमा आधारित भई परीक्षण, निष्कर्षण एवं सत्यापन गर्न उद्देश्यअनुरूपको विधिका आधारमा साहित्यिक सामग्रीको अर्थात् द्वितीयक स्रोतलाई प्रयोग गरी गुणात्मक पद्धतिका आधारमा विश्लेषण गर्नुपर्छ । यस क्रममा दुवैथरी अध्ययन विधि मिलाएर अनुसन्धान गर्ने यो अनुसन्धानकर्ताले आफ्नो लेखको उद्देश्यअनुरूप विधि या प्रक्रिया अपनाउन पनि सक्दछ । अक्कसर अनुसन्धानात्मक लेखका लागि चाहिँ द्वितीयक स्रोत सामग्री नै प्रयोग गरेको देखिन्छ । यसबाट नै प्रकाशनयोग्य लेख लेख्न सकिन्छ ।

**मध्यभाग :** व्याख्या विश्लेषण या छलफल र परिणाम या विमर्श र नतिजा अनुसन्धानात्मक लेखको मध्यभाग हो । अनुसन्धानात्मक प्रश्नको उत्तर खोज्ने क्रममा गुणात्मक पद्धति र परिमाणात्मक पद्धतिमध्ये कुनै एक पद्धति अपनाएर सङ्कलन गरेको तथ्याङ्कलाई व्याख्या विश्लेषण मध्यभागमा गरिन्छ । यसलाई छलफल र परिणाम पनि भनिन्छ । अनुसन्धानात्मक लेखको मुटु भनेको यही भाग हो । यहाँ अनुसन्धानात्मक प्रश्नको जानकारी पाठकलाई दिनु सुरुमा दिनुपर्छ । अनि, सङ्कलित सूचना वा तथ्याङ्कका आधारमा व्याख्या विश्लेषण गर्नुपर्छ । यस क्रममा प्राप्त सूचना वा तथ्याङ्कले अनुसन्धानको समस्याका बारेमा के बोल्छ, त्यसले अनुसन्धानात्मक प्रश्नका बारेमा कतिसम्म सम्बोधन गर्छ भनेर सुरुमा छलफल गर्नुपर्छ अनि त्यसको व्याख्या विश्लेषण गर्नुपर्छ । यस क्रममा सत्यसम्बन्धी धारणा, ज्ञानसम्बन्धी धारणा अनि लेखलाई प्रभाव पार्ने किसिमले

सामाजिक मूल्य र मान्यतासँगै आफ्नो तर्क राख्नुपर्छ । यसो भएमा मात्र लेख स्वीकार योग्य हुन्छ । यसो गर्दा विभिन्न विद्वान्को साहित्यको सहयोग लिन सकिन्छ । यसपछि तथ्याङ्क र सूचनाले के भन्यो, किन त्यसो भन्यो, सोचेअनुरूप परिणाम आयो/आएन यतातर्फ पनि ख्याल राख्नुपर्छ । सोचअनुरूप परिणाम मिल्नु र नमिल्नुको कारण पनि खुलाउनुपर्छ । यसो गर्दा पनि साहित्यको सहयोग लिनपर्छ । यहाँ सम्झनुपर्ने कुरा के हो भने आफूले जस्तै अनुसन्धान गर्ने पूर्व विद्वान्को धारणा, उनीहरूको सारांश पनि जोड्नुपर्छ । यसले आफ्नो अनुसन्धानात्मक प्रश्नबारेमा प्राप्त सूचनालाई अझ बलियो बनाउँछ । यसरी अरूको भनाइ उद्धृत गर्दै आफ्नो अनुसन्धानलाई प्राप्त सूचनाका आधारमा व्याख्या गर्नु नै छलफल या विमर्श हो । अनि, यसबाट प्राप्त जानकारीले आफूले गर्न लागेको अनुसन्धानलाई दिएको नयाँ मोड या प्राप्त उपलब्धिलाई ठोस रूपमा प्रस्तुत गर्नुपर्छ । किनकि यो भागलाई सबैभन्दा गहकिलो भागका रूपमा लिइन्छ । यस्तो गहकिलो विषयलाई व्याख्या विश्लेषण करिब ३५०० शब्दमा गरिसक्नु पर्छ ।

**उत्तरभाग :** अनुसन्धानात्मक लेखको उत्तरभागमा निम्नानुसारका तत्त्वहरू रहेका हुन्छन :

**(क) निष्कर्ष** : सैद्धान्तिक आधारमा विषयको वैज्ञानिक वर्गीकरण, व्याख्या विश्लेषण गरी निकालिएको लिखित अभिव्यक्तिलाई निष्कर्ष भनिन्छ । यसर्थ अनुसन्धानात्मक लेखको उत्तर भागमा निष्कर्ष वा मूल्याङ्कन रहन्छ । यहाँ आफ्नो अनुसन्धानको निचोडलाई प्रस्तुत गर्नुपर्छ । यसो गर्दा पहिला कुन उद्देश्यले अनुसन्धान गरिएको हो लेख्नुपर्छ । अनि, उद्देश्यअनुरूप अनुसन्धानबाट प्राप्त उपलब्धि के आएको छ सो लेख्नुपर्छ । जे लेख्दा पनि सूत्रात्मक रूपबाट लेख्नुपर्छ । किनकि बढी २०० शब्दभित्र आफ्नो अनुसन्धानको निष्कर्ष लेखिसक्नुपर्छ ।

**(ख) सन्दर्भसामग्री**

अनुसन्धानका क्रममा उपयोग गरिएका पूर्ववर्ती विद्वान्हरूको कृति वा रचनालाई सन्दर्भसामग्री भनिन्छ । त्यस सामग्रीलाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको सूचीलाई सन्दर्भ ग्रन्थसूची वा सन्दर्भ कृतिसूची भनिन्छ । यसलाई शोधप्रबन्धको अन्त्यमा राखिन्छ यो शोध प्रतिवेदनको अनिवार्य तत्त्व हो ।

अनुसन्धानका लागि तथ्य तथ्याङ्क सङ्कलन प्राथमिक स्रोत र द्वितीयक स्रोतबाट गर्दा सामग्री प्रशस्त सङ्कलन भएका हुन्छन् । आवश्यक पर्ने राख्दा पनि सन्दर्भसामग्री धेरै भएमा पुस्तक, अनुसन्धानात्मक लेख, प्रतिवेदन, शोधप्रबन्ध, पत्रपत्रिका, इन्टरनेट, श्रव्यदृश्य सामग्री अनुवाद आदि गरेर वर्गीकरण गरी त्यसअनुसार शीर्षक दिएर प्रस्तुत गर्न सकिन्छ । सन्दर्भ सामग्रीलाई भाषाका आधारमा पनि उपशीर्षक दिएर राख्न सकिन्छ । उदाहरणका लागि अङ्ग्रेजी, हिन्दी, संस्कृत, नेपाली आदि । यसरी वर्गीकरण गरेर बनाइएको सन्दर्भ सामग्री होस् वा एउटै सूचीमा भएका सामग्री हुन् यी सबै सामग्रीहरू थरको वर्णानुक्रममा मिलाएर राख्नुपर्छ ।

अनुसन्धानपछि सन्दर्भ कृतिसूचीमा लेखकको नाम, प्रकाशन वर्ष, पुस्तकको नाम, प्रकाशन स्थान र संस्था आदिका सूचना राखिन्छ । हाल दुई प्रकारले कृतिसूची राख्ने गरिन्छ । ती हुन्:

(क) लेखक पृष्ठ पद्धति (Author Page system)

(ख) लेखक मिति पद्धति (Author Date system)

**(क) लेखक पृष्ठ पद्धति (Author page system) (MLA)**

यो पद्धतिमा यो पद्धति Modern Languge Association (MLA) द्वारा विकास गरिएको पद्धति हो । त्यसैले यसलाई MLA पद्धति भनिन्छ । यस पद्धतिमा मूल पाठमा कृतिका लेखकको थर/नाम, प्रकाशन स्थान, संस्था र साल तथा पृष्ठसङ्ख्या उल्लेख गरिन्छ । उदाहरणका लागि

अधिकारी, हेमाङ्गराज, नेपाली भाषा शिक्षण, काठमाडौः पाठ्यक्रम विकास केन्द्र, त्रिवि, वि.सं. २०३९ ।

बन्धु, चुडामणि, अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौः रत्नपुस्तक भण्डार, वि. सं.२०५२ ।

भट्टराई, श्यामप्रसाद, भाषिक सम्पादन कला, काठमाडौः जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस प्रा.लि., वि.सं. २०८१ ।

लम्साल, रामचन्द्र, कोशविज्ञान र नेपाली कोश (ते.स.), काठमाडौः विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०५७ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, शोधविधि, ललितपुरः साझा प्रकाशन, वि.सं. २०५२ ।

**(ख) लेखक मिति पद्धति** ( Author Date system ) ( APA)

नेपालीमा लेखक मिति पद्धति भनेर चिनिने यो पद्धति American Psychological Association (APA) ले विकास गरेको हो । छोटो रूपमा यसलाई APA पद्धति भनिन्छ । यसमा लेखकको थर र नाम पछि कोष्ठकमा मिति राख्ने, त्यसपछि पुस्तकको नाम, प्रकाशन स्थान र संस्थाको नाम लेखिन्छ । जस्तैः बन्धु, चुडामणि (वि.सं. २०३४), अनुसन्धान प्रबन्धको रूप र शैली, काठमाडौः पाठ्यक्रम विकास केन्द्र त्रिवि । APA पद्धति अनुसन्धानको क्षेत्रमा अत्यन्त प्रचलित पद्धति  हो । भाषिक अनुसन्धानमा अत्यन्त उपयोगी पद्धति मानिन्छ । हिजोआज लेखक–मिति पद्धतिको प्रयोग बढी हुने गरेको छ ।

**एकल लेखकको कृति**

अधिकारी, हेमाङ्गराज (वि.सं.२०४६), *भाषा शिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौः नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, श्यामप्रसाद (वि.सं. २०८१), *भाषिक सम्पादन कला,* काठमाडौः जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस प्रा.लि ।

**दुई लेखकको कृति**

निउरे, ध्रुवप्रसाद, घिमिरे, दिनेश (वि.सं.२०७२), *भाषिक अनुसन्धान विधि (पुनमुद्रण)*, काठमाडौ : सनराइज पब्लिकेसन ।

**चार लेखकभन्दा बढी लेखकको कृति**

लम्साल, रामचन्द्र र अन्य (वि.सं.२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौ : क्याम्ब्रिज पब्लिकेसन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (वि.सं. २०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौ : पिनाकल पब्लिकेसन ।

**पुस्तक**

अधिकारी, इन्द्रविलास (वि.सं.२०६१), *पश्चिमी साहित्य सिद्धान्त,* ललितपुरः साझा प्रकाशन ।

**पत्रिका**

रेग्मी, मुरारीप्रसाद, 'बाबुआमा र छोरा आस्थावादी', गरिमा–११७ (वि.सं.२०४९), ५६–५९ ।

सिटौला, मोहन, 'माधवी : मानव उन्मुक्तिको युगान्तकारी स्वर', उन्नयन–१६ (वि.सं. २०५१ माघ–चैत्र), ३३६–३४२ ।

**सम्पादित कृति**

उपाध्याय, केशवप्रसाद (वि.सं.२०४२), 'तरुण तपसीका लेखनाथको दर्शन र विचार', *काव्य समालोचना* (सम्पा.) नरेन्द्र चापागाइँ, विराटनगरः पूर्वाञ्चल साहित्य प्रतिष्ठान, २०–२५ ।

भट्टराई, तुलसीप्रसाद (वि.सं.२०५३), 'विश्वेश्वरप्रसाद कोइराला : नेपाली वाङ्मयका ध्रुवतारा,' *विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,* (सम्पा.) जीवनचन्द्र कोइराला, काठमाडौ : बिपी अनुसन्धान केन्द्र, ९–१५ ।

**अप्रकाशित शोधप्रबन्ध**

भट्टराई, श्यामप्रसाद (वि.सं.२०६७), 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मानवतावाद', पिएचडी शोधप्रबन्ध, दाङ : नेपाल संस्कृत विश्वविद्यालय ।

दाहाल, सीताराम (वि.सं.२०६९), 'अप्रिय उपन्यासको शैलीवैज्ञानिक अध्ययन' एमएड शोधपत्र, बनेपा : चैतन्य बहुमुखी क्याम्पस ।

**अनुवाद**

काडवेल, क्रिस्टोफर, (इ १९९०), *विभ्रम और यथार्थ* (अनु) भगवानसिंह, नई दिल्ली : राजकमल प्रकाशन ।

**(ग) परिशिष्ट**

अनुसन्धानका क्रममा सङ्कलन गरिएका तथ्य तथ्याङ्कनलाई मूल पाठमा राखिन्छ । मूल भागमा समावेश गर्न नसकिएका लामा–लामा उद्धरणहरू, सन्दर्भ सामग्रीहरू भने परिशिष्टमा राखिन्छ । यसले मूलपाठका सन्दर्भलाई प्रामाणिक बनाउन सहयोग गर्दछ । त्यसैले अनुसन्धानका क्रममा प्रयोग भएका प्रश्नावली, मतावली, तालिका, नक्सा, फोटो आदि यस भागमा राखिन्छ । त्यस्तै सम्बन्धित अनुसन्धानका लागि उपयोगी हुने कुनै महत्त्वपूर्ण हुने ग्रन्थ वा प्रकाशित स्रोतका लामा

लामा उद्धरणीय अंश अनि जहाँ पायो त्यहीँ सजिलै उपलब्ध हुन नसक्ने तथ्य, कतै प्रकाशित नभएका, नयाँ खोजीबाट प्रथम पटक प्राप्त भएका कुनै पुराना अभिलेख, ताम्रपत्र, शिलापत्र, भोजपत्र वा पाण्डुलिपि आदि अभिलेख पनि यस खण्डमा राखिन्छ । परिशिष्टमा यसरी राखिएका विविध प्रकारका सामग्रीहरू दिँदा तिनीहरूको वर्गीकरण गरी परिशिष्ट १, २, ३ गरेर छुट्टाछुट्टै रूपमा प्रस्तुत गर्नुपर्छ । तर अनुसन्धानात्मक लेखका सन्दर्भमा भने परिशिष्ट राखिदैन ।

समग्रमा यसरी प्रथम ड्राफ्ट तयार भएपछि आफ्ना सहपाठी या विज्ञ गुरुलाई देखाउनुपर्छ । यसबारे छलफल गर्नुपर्छ । अनि, आएको सुझावअनुसार लेख सुधार गरी दोस्रो ड्राफ्ट तयार गर्नुपर्छ । यसपछि प्रकाशन योग्य हुन्छ ।

**निष्कर्ष**

आजको युग अनुसन्धानको युग हो । बिनाअनुसन्धान कुनै पनि कार्य सम्पन्न गर्न सकिन्न । त्यसमाथि भाषिक अनुसन्धानको स्वरूप र प्रकृति नै अलग रहेको छ । यो अन्य विषयको अनुसन्धानभन्दा भिन्न र विशिष्ट प्रकारको रहेको छ । यसले मानवजीवनसँग प्रत्यक्ष रूपमा सम्बन्ध राख्दछ । मानवजीवन र भाषाको अन्तर्सम्बन्धको अध्ययन गर्ने क्रममा कुनै विषयको प्राज्ञिक प्रश्न वा समस्याको समाधानमा केन्द्रित रहन्छ । यसको प्रकृति कुनै नयाँ ज्ञान प्राप्तिका दिशातर्फ उन्मुख रहन्छ, जसरी एउटा मौरीले विभिन्न ठाउँका फूलबाट रस सङ्कलन गर्छ र त्यसलाई प्रशोधन गरी मह बनाउँछ, त्यसरी नै आफूले अध्ययन गर्न चाहेको क्षेत्रबाट विभिन्न सामग्री सङ्कलन गरी एउटा नयाँ रूप दिनुपर्छ । यो एउटा व्यवस्थित र क्रमबद्ध अध्ययन हो । यसका लागि खास किसिमको उपकरण प्रयोग गरिन्छ । त्यसैले भाषिक अनुसन्धान वस्तुगत कल्पना वा भावुकता निरपेक्ष तर्क र तथ्यमा आधारित वस्तुपरक ठोस बौद्धिक प्रकृतिको हुन्छ । यसमा कुनै प्राज्ञिक प्रश्न, समस्या वा जिज्ञासासँग सम्बद्ध तथ्य र तथ्याङ्कहरूको अनुसरण वा पिछा गर्दै, ती तथ्य र तथ्याङ्कहरूलाई सङ्कलन गरी खास वैज्ञानिक ढाँचाबाट अध्ययन गर्दछ । अध्ययनका क्रममा कुनै क्रिया वा घटना हुँदा अनुसन्धान किन भयो भन्ने कारण, कसरी भयो भन्ने प्रक्रिया, त्यसका बारे कसले, कहिले, कहाँ गऱ्यो जस्ता कर्तृपरक, समयपरक र स्थानपरक जिज्ञासाहरू जन्मने गर्दछन् । यस्ता जिज्ञासाहरूद्वारा गरिने कुनै कार्य वा घटनाको छानबिन,

अध्ययन, विश्लेषण र सामान्यीकरण प्रक्रिया नै यसको स्वरूपका रूपमा लिएर मूल्याङ्कनका आधारहरू पहिचान गर्नेजस्ता अनेक गुह्य रहस्य पत्ता लगाई अनुसन्धानात्मक लेख तयार पारिन्छ ।

**सन्दर्भसूची**

ओझा, रामनाथ र गिरी, मधुसुदन (वि.सं.२०५८), *शोध, सिर्जना र संस्कृतकाव्यशास्त्र,* काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

---

घर्ती, दुर्गाबहादुर (वि.सं.२०८०), *अनुसन्धान पद्धति : सिद्धान्त र प्रयोग,* काठमाडौँ : अनुसन्धान विमर्श नेपाल ।

ढकाल, बद्रीप्रसाद (सम्पा.), (वि.सं.२०८१), *प्राज्ञिक विमर्श,* काठमाडौँ : अनुसन्धान विमर्श नेपाल ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (वि.सं.२०७२), *भाषिक अनुसन्धान विधि* (पुनमुद्रण), कीर्तिपुरः सनसाइन पब्लिकेसन ।

बन्धु, चुडामणि (वि.सं.२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन* (दो.सं.) काठमाडौः रत्नपुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (वि.सं.२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँः पिनाकल पब्लिकेसन ।

भट्टराई, रामप्रसाद (वि.सं.२०७३), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँः शुभकामना प्रकाशन ।

भट्टराई, श्यामप्रसाद (वि.सं.२०७५), *व्यावहारिक लेखन तथा सम्पादन,* काठमाडौँः शुभकामना प्रकाशन ।

भट्टराई, श्यामप्रसाद (वि.सं.२०८१), *भाषिक अनुसन्धान विधि,* काठमाडौः जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा. लि. ।

लामिछाने, यादवप्रसाद र अन्य (वि.सं.२०६९), *भाषिक अनुसन्धान विधि,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (वि.सं. २०७९),*साहित्यको अनुसन्धान व्यवस्थापन* (दो.सं.),काठमाडौ : शिखा बुक्स् ।